
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ १७ गते मंगलबार ❑ 31 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## राष्ट्रपतिको निर्वाचन फागुन २५ मा

**रासस**
काठमाडौं, १६ माघ

निर्वाचन आयोगले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनको मिति तय गरेको छ।

आयोगले राष्ट्रपतिको निर्वाचन आउँदो फागुन २५ गते बिहीबार र उपराष्ट्रपतिको निर्वाचन आगामी चैत ३ गते शुक्रबार हुनेगरी सोमबार मिति तोकेको हो । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले उक्त निर्णयका आधारमा आयोगले निर्वाचन कार्यक्रम सार्वजनिक गर्ने जानकारी दिनुभयो। आयोगले सोबारे नेपाल सरकारका मुख्य सचिव मार्फत नेपाल सरकार मन्त्रिपरिषद्लाई लेखी पठाउनेछ। वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीको कार्यकाल फागुन २८ गते सकिँदैछ।

आयोगको निर्णयानुसार दुवै पदका लागि तोकिएको दिन नयाँ बानेश्वरस्थित अन्तरर्ाष्ट्रिय सम्मेलन केन्द्र मतदान केन्द्रमा बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मतदान हुने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गर्नुभएको विज्ञप्ति मा जनाइएको छ। दुवै पदका लागि सङ्घीय संसद् र प्रदेशसभाका सदस्य मतदाता रहनेछन् । विद्यमान कानुनी प्रावधानका कारण आयोगले प्रदेशगत आधारमा मतदान केन्द्र नसकिएको जनाएको छ।

स्वीकृत निर्वाचन कार्यक्रमअनुसार राष्ट्रपतिको निर्वाचनका लागि फागुन १० गते बिहान १० बजेदेखि ११ बजेसम्म मतदाता नामावली प्रकाशन गरिनेछ । साथै फागुन १३ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयनपत्र दर्ता गरिनेछ।

उपराष्ट्रपतिको निर्वाचनका लागि फागुन २७ गते बिहान ९ बजेदेखि दिउँसो २ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गर्नेलगायतका कार्यक्रम तय गरिएको छ । नेपालको संविधानको धारा ६३ को उपधारा १ र धारा ६९ बमोजिम राष्ट्रपति तथा उपराष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्ष हुने संवैधानिक व्यवस्था छ। विसं २०७४ साल फागुन २९ मा भएको राष्ट्रपतिको निर्वाचनमा निर्वाचित हुनुभएका वर्तमान राष्ट्रपतिको पदावधि २०७९ साल फागुन २८ गते समाप्त हुने भएको तथा २०७४ साल चैत ४ गते निर्विरोध निर्वाचित हुनुभएका वर्तमान उपराष्ट्रपतिको पदावधि २०७९ चैत ३ गते समाप्त हुने भएकाले सोअगावै निर्वाचन सम्पन्न गर्नेगरी निर्वाचनको मिति तोकिएको हो । राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ को दफा ४ र ५ बमोजिम आयोगले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनको मिति घोषणा गरी सोको जानकारी नेपाल सरकारलाई दिनुपर्ने छ । साथै सोसम्बन्धी सूचना राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ को दफा ४ तथा दफा ५ को उपदफा (३) बमोजिम नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने भएकाले सोका लागि नेपाल सरकारका मुख्य सचिवमार्फत् नेपाल सरकार मन्त्रिपरिषद्लाई आयोगले लेखी पठाउनेछ। आयोगले तोकिएको मितिमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गर्न आवश्यक सम्पूर्ण सहयोग उपलब्ध गराउन नेपाल सरकारका मुख्य सचिवमार्फत् नेपाल सरकार मन्त्रिपरिषद्लाई लेखी पठाउने जनाइएको छ।

## महिलाहरु आर्थिक रुपमा सक्षम हुनुपर्छ : उपप्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ



पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले महानगरपालिकाको समग्र विकास हुनुपर्नेमा जोड दिनुभएको छ। पोखरा महानगरपालिका वडा नम्वर १५ ले सोमबार आयोजना गरेको महिलाको सशक्तिकरण एवं क्षमता अभिबृद्धि कार्यक्रमको उद्घाटन गदै महानगरभित्र भौतिक पूर्वाधारसंगै मानवीय र सामाजिक विकास हुनुपर्नेमा जोड दिनुभयो । "सडक, पुल, भवन निर्माण मात्रै हैन महिला, ज्येष्ठ नागरिक, बालबालिका लगायत सामाजिक क्षेत्रको विकास पनि अनिवार्य छ ।"उपप्रमुख गुरुङले महिलाहरु राजनीतिक, सामाजिक, व्यवसायीक लगायत सबै क्षेत्रमा स्थापित हुनुपर्ने बताउनुभयो । नेपालमा भएका अधिकार प्राप्तिका आन्दोलनमा महिलाहरुको भुमिका महत्वपूर्ण रहेको बताउदै उहाँले तीनै आन्दोलनबाट संविधानमा महिलाका धेरै अधिकार लेखिएको बताउनुभयो । संविधानमा धेरै अधिकारहरु लेखिएका छन् उहाँले भन्नुभयो,"संविधानमा के के अधिकारहरु लेखिएका छन भन्ने विषयमा जानकारी पाउनुपर्छ ।आफना अधिकारका विषयमा जानकारी भएपछि मात्रै राजनीतिक र सामाजिक रुपमा स्थापित हुन सहज हुन्छ।"

महिलाहरु सामाजिक, राजनीतिक, व्यवसायीक शैक्षिक रुपमा स्थापित गराउने कुरा भाषण र नाराले मात्रै नहुने बताउदै कार्ययोजना, प्रशिक्षण र क्षमता अभिबृद्धि हुनुपर्नेमा उहाँले जोड दिनुभयो । उपप्रमुख गुरुङले महिलाहरु सबल र सक्षम हुन आर्थिक रुपमा बलियो हुनुपर्ने र त्यसका लागि आर्यआर्जनसंग जोडिनुपर्ने बताउनुभयो । महिलाहरुलाईआर्थिकरुपमासवल र सक्षम बताउन महानगरले उपप्रमुसंग महिला कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो। आर्थिक अभावमा केही गर्छु भन्ने महिलाहरुका लागि सस्तो ब्याजमा कर्जा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरेको बताउनुभयो । उहाँले महिला हिंसा न्यूनिकरण गर्न महिला पुरुष समसचेतना कार्यक्रम र महिला सहायता कक्ष सञ्चालन गरिरहेको बताउनुभयो।

कार्ग्रक्रममा पोखरा १५ का वडाअध्यक्ष तोरणबहादुर बानियाँले पूर्वाधार विकाससंगै मानवीय विकास हुनुपर्नेमा जोड दिदै महिला उद्यम योजना आवश्यक रहेको बताउनुभयो । तीनदिन सम्म सञ्चालन हुने तालिमको उद्घाटन कार्यक्रम वडा नम्वर १५ का सदस्य एवं महानगर कार्यपालिका सदस्य मन्दिरा गौतमको अध्यक्षतामा भएको थियो । तालिममा पत्रकार एंव सामाजिक अभियान्ता सुष्मा पौडेल र हसिना बस्नेतले सहजिकरण गर्ने बताइएको छ।

## ट्राफिक व्यवस्थापनबाट १६ करोड राजस्व

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

गण्डकी प्रदेशमा ट्राफिक व्यवस्थापन एवम् सवारी दुर्घटना न्यूनीरकरणका लागि २०७८ माघदेखि २०७९ पुससम्ममा गरिएका काम कारबाहीबाट रु १६ करोड ४३ लाख ५३ हजार राजस्व सङ्कलन भएको छ।

सो अवधिमा दुई लाख २५ हजार पाँच सय ६३ वटा सवारी साधनका चालकलाई कारबाही गरिएको गगनगौडास्थित नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रवक्ता प्रनाउ इन्द्रप्रसाद सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार अघिल्लो वर्ष २०७७ माघदेखि २०७८ पुससम्मको यसै अवधिमा एक लाख ३३ हजार आठ सय ६४सवारी चालकलाई गरिएको कारबाहीमा रु आठ करोड ८७ लाख दुई हजार राजस्व सङ्कलन भएको थियो।

ट्राफिक व्यवस्थापन एवम् सवारी दुर्घटना न्यूनीकरणका लागि प्रदेशमा यसवर्ष छ हजार दुई सय ६२ कार्यक्रम सञ्चालन गर्दा नौ लाख ६० हजार एक सय ४६ जना सहभागी भएका र अघिल्लो वर्षयसै अवधिमा गरिएको कार्यक्रममा पाँच हजार ३८ वटा कार्यक्रममा चार लाख ७६ हजार आठ सय ५४ जना सहभागी भएको प्रनाउ सुवेदीले बताउनुभयो।

प्रदेशमा यसवर्ष चार सय दुई वटा दुर्घटना भएकामा दुई सय १३ मानिसको मृत्यु, तीन सय ८१ जना सख्त घाइते, दुई सय ४५ सामान्य घाइते भएका र त्यसमा पाँच सय १४ वटा सवारीसाधन परेको प्रहरीले जनाएको छ । अघिल्लो वर्ष चार सय १५ वटा दुर्घटना हुँदा दुई सय ५१ जनाको मृत्यु, दुई सय ७४ सख्त घाइते, दुई सय ७० जना सामान्य घाइते भएका र त्यसमा पाँच सय ५४ सवारीसाधन परेका थिए।

ट्राफिक व्यवस्थापन एवं दुर्घटना न्यूनीकरणका लागि सञ्चालित नमस्ते अभियान, विद्यालय सचेतना कार्यक्रम, चालकसँग एक मिनेट कार्यक्रम, वातावरण मैत्री ट्राफिक व्यवस्थापन, यात्रु सहायता कक्ष र प्रशिक्षण जस्ता १२ वटा शीर्षकका कार्यक्रम प्रभावकारी बनेको उहाँले जानकारी दिनुभयो।

## शहीदको बलिदानबाट ऊर्जा लिनुपर्छ : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले शहीदको बलिदानबाट ऊर्जा लिएर देश निर्माणको नयाँ सङ्कल्प गर्नुपर्ने बताउनुभएको छ। शहीद दिवसका अवसरमा सोमबार आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा आयोजित कार्यक्रममा बोल्दै उहाँले शहीदको योगदानको कदर गर्नुपर्ने धारणा राख्नुभयो।

"समृद्ध नेपालको बाटोमा दत्तचित्त भएर लाग्न शहीदहरूले बाटो देखाउनुभएको छ, शहीदको बलिदानबाट ऊर्जा लिएर नयाँ सङ्कल्प गरौँ, देश निर्माणको महाअभियानमा हामी सबै जुटौँ", मुख्यमन्त्री अधिकारीले भन्नुभयो। उहाँले लोकतन्त्र प्राप्तिका लागि शहीदहरूले पुऱ्याएको योगदान कहिल्यै बिर्सन नसकिने बताउनुभयो । त्यसअघि मुख्यमन्त्री अधिकारीसहित विभागीयमन्त्री, प्रदेशसभा सदस्यलगायत विशिष्ट व्यक्तिहरूले शहीदचोकमा रहेको शहीद स्तम्भमा सम्मान अर्पण गर्नुभएको थियो।

## साढे दुई करोड लगानीमा ९९ जना महिलाले चलाएको रेष्टुराँ

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

सङ्ख्या विज्ञानमा अङ्क ९९ एउटा चक्रको अन्त्य र अर्को चक्रको शुरुवात हो। गणना विधिमा दुई अङ्कको चक्र ९९ सकिन्छ र तीन अङ्कको चक्र शुरु हुन्छ।

धार्मिक हिसाबले अङ्क ९९ लाई प्रतिकात्मक रुपमा विभिन्न सकारात्मक विषयसँग जोडेर हेर्ने गरिन्छ । एकता, प्रतिवद्धता, कार्यसफलतालगायतका भाव र अर्थको सङ्केत यो अङ्कले दिन्छ । उनान्सय जना महिलाले पर्यटकीय नगरी पोखरामा सञ्चालन गरेको व्यवसाय 'रोयल दिदीबहिनी किचन' यस्तै प्रतीकात्मक बिम्ब हो। जसले निकै खराब समयबाट गुज्रिएर आशाको प्रकाश बालेको छ र यो महिला सशक्तिकरणको ज्वलन्त उदाहरण बनेको छ।

फरक कार्यशैलीबाट व्यवसायिक क्षेत्रमा लाग्ने र प्रतिस्पर्धाको दौडमा होमिने आँट गर्ने सबै महिला छन् । गृहणीदेखि विभिन्न पेशा व्यवसायमा जोडिएका महिला एकताबद्ध भएर केही फरक, चुनौतीपूर्ण र नमूना काम गरिरहेका छन् । पोखरा महानगरपालिका वडा नम्बर १० को बुद्ध चोकमा महिलाहरुको सामूहिक प्रयासमा साढे दुई करोड लगानीमा रेस्टुराँ सुरु भएको हो । उनीहरु सबै पोखरा 'रोयल बचत तथा ऋण सहकारी'मार्फत् एकआपसमा जोडिए। कम्पनी ऐनअनुसार निजी कम्पनी दर्ता गरे र रेस्टुराँ तथा बैङ्क्वेट चलाए।

महिला सशक्तीकरणका लागि केही फरक गर्नुपर्छ भन्ने लागेरै आफूहरुले रेस्टुराँ शुरु गरेको सञ्चालक रुद्रकुमारी गुरुङ बताउनुहुन्छ। पोखरा रोयल बचत तथा ऋण सहकारीमा अध्यक्ष गुरुङकै नेतृत्वमा महिलाहरु एकजुट भइ दिदीबहिनी किचन स्थापना गरेका हुन् । "सहकारीमा उपाध्यक्ष हुँदा मैले दिदीबहिनी किचनको नेतृत्व गरेको हुँ।

विभिन्न अध्ययन अवलोकन र भ्रमणमा आउनेका लागि कार्यक्रम सञ्चालन गर्न र सँगसँगै खाना खान मिल्ने ठाउँको आवश्यकता महशुस भएपछि रेस्टुराँ शुरु गरेका हौँ", गुरुङले भन्नुभयो। महिलाहरु एकताबद्ध भएर भइ सञ्चालन गरेको यो व्यवसाय आफैँमा उदाहरणीय भएका कारण विभिन्न क्षेत्रका महिला समूह र सहकारी संस्थाका सदस्यहरु अध्ययन तथा अवलोकनका लागि आउने गरेको उहाँको भनाइ छ।

रोयल दिदीबहिनी किचनमा पोखरा रोयल सहकारीकै सदस्यहरु जोडिएका भएपनि छुट्टै कम्पनी हो। यो प्राइभेट लिमिटेडका रुपमा दर्ता छ। हरेक सदस्यले समान रू साढे दुई लाख बराबर लगानी गरेका छन् । रेष्टुराँमा एक सय जनालाई एकै साथ सेवा दिने क्षमता छ भने एक सय जनासम्म अटाउने बैङ्क्वेट तथा पार्टी भेन्यु पनि सञ्चालनमा छ। एउटा रेन्टुराँ चलाउनका लागि उनान्सय जनाको लगानी किन ? "यसको सांकेतिक अर्थ त छ नै । व्यवहारिक रुपमा पनि यस्तो हुन गयो । प्राइभेट कम्पनीमा ९९ जनाभन्दा बढी सदस्य बस्न नमिल्ने रहेछ । नत्र हामी अरु महिला दिदीबहिनीलाई पनि यसमा सहभागी गराउने सोचमा थियौँ", सञ्चालक गुरुङले भन्नुभयो । कोभिड-१९ महामारीभन्दा केही समयअघि मात्र शुरु भएको रेस्टुराँ लकडाउनका समयमा नराम्रोसँग थलियो । व्यवसाय पूर्णरुपमा बन्द भएपछि सञ्चालन खर्चसमेत धान्न नसक्ने अवस्था आएको थियो । तर दिदीबहिनी किचनले कर्मचारी कटौती गरेन । तीन वर्षदेखि सञ्चालनमा रहेको रेस्टुराँमा हाल २० जना कर्मचारी छन् । व्यवसाय शुरु गरेको पहिलो दुई वर्ष निकै समस्या भोगेको रेस्टुराँ आर्थिक वर्ष २०७८/७९ मा भने लगानीकर्तालाई पाँच प्रतिशत लाभांश दिन सफल भएको अध्यक्ष गुरुङको भनाइ छ।

दिदी बहिनी किचेनले सामाजिक क्षेत्रमा पनि काम गर्दै आएको छ। "रेस्टुराँसँग जोडिएका दिदीबहिनीहरु सामाजिक काममा पनि खटिनुहुन्छ । यसवर्ष हामीले न्यून आर्थिक अवस्था भएका केहीलाई न्यानो कपडा बाँड्यौं। कम्पनीमा आवद्ध महिलालाई अन्य सीपमुलक काममा पनि खटाउने गरेको उहाँको भनाइ छ । सहकारीको अवधारणाबाट सञ्चालित रेष्टुराँ निजी क्षेत्रका लागि पनि अनुकरणीय छ । यहाँ सदस्यहरु आफै सेवामा खटिन्छन् । लगानीकर्ताका परिवारका सबै सदस्य प्रत्येक महिना कम्तीमा एकपटक यो रेस्टुराँमा खाना खान आइपुग्छन् ताकि यहाँको व्यवस्थापन मात्र होइन खानेकुराको स्वाद, गुणस्तर, सेवाप्रवाह जस्ता कुराको जानकारी लिन सकुन्।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# महानगरको आयोजनामा वडास्तरीय भलिबल

पोखरापत्र संवाददाता
पोखरा, १६ माघ

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा अन्तर वडा पुरुष तथा महिला भलिबल प्रतियोगिता सुरु भएको छ।

पोखरा रंगशालास्थित भलिबल कोर्टमा सोमबारदेखि सुरु भएको प्रतियोगिताको उद्घाटन पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गरे । प्रमुख आचार्यले खेलाडीहरूको क्षमता अभिवृद्धिसहित थप अवसर सृजना गर्न बेलाबखत प्रतियोगिता भइरहनुपर्ने बताए । खेलकुदले अनुशासित नागरिक उत्पादनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास प्रमुख आचार्यले व्यक्त गरे । पहिलो दिन सोमबार पुरुषतर्फका ८ खेल भए । जसमा पोखरा-२३ ले पोखरा-१५, पोखरा-२४ ले पोखरा-१४, पोखरा-१६ ले पोखरा-७, पोखरा-१८ ले पोखरा-३१ लाई सोझो सेटमा, पोखरा-२० ले पोखरा-१९ लाई, पोखरा-२१ ले पोखरा-३३ लाई, पोखरा-३२ ले पोखरा-२२ लाई, पोखरा-२५ ले पोखरा-२८ लाई २-१ को सेटमा पराजित गरे। खेल जितेको पोखरा-२५ को टिमलाई प्रोटेस्ट परेपछि पोखरा-२८ स्वतः क्वाटरफाइनलमा प्रवेश गरेको छ। क्वाटरफाइनल र सेमिफाइनलका खेल मंगलबार हुने छन् । प्रतियोगिताको पुरुष र महिला दुवैतर्फको फाइनल बुधबार दिउँसो हुनेछ।



प्रतियोगिताको पुरुष र महिलातर्फ प्रथम, द्वितीय र तृतीय हुने टिमले क्रमशः ६० हजार, ५० हजार, ४० हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र पाउने छन् । प्रतियोगितामा पुरुषतर्फ १६ र महिलातर्फ ३ टिमको सहभागिता छ। यस प्रतियोगितामार्फत उत्कृष्ट टिम घोषणा गरिने छ जसले पछि हुने अन्तर नगरपालिका भलिबल प्रतियोगितामा पोखरा महानगरपालिकाकोतर्फबाटसहभागिता जनाउने छ।

# कुँडहरको बेसलाइन एकेडेमीको रजत जयन्ती सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १६ माघ

पोखरा महानगरपालिका वडा न. १३ कुँडहर स्थित बेसलाइन एकेडेमी स्कुलको रजत जयन्ती समारोह हालै सम्पन्न भयो।

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले वर्तमान समयमा गुणस्तरीय शिक्षालाइ बढि जोड दिनुपर्ने धारणा राखे । मुख्यमन्त्री अधिकारीले दक्ष जनशक्ति उत्पादनमा शिक्षाको महत्वपूर्ण भूमिका रहने बताए।

गण्डकी विश्वविद्यालयका कुलपति प्राडा गणेशमान गुरुङले बेसलाइनका विद्याथीहरुको प्रतिभा हेर्दा बाबु नानीहरुको भविष्य राम्रो भएको चर्चा गरे।

विद्यालयका प्रबन्ध निर्देशक षडानन्द गौतमले ७ सय विद्यार्थीले पठनपाठन गर्दै आएको र शिक्षक तथा कर्मचारी संख्या ८४ रहेको जानकारी दिए। निर्देशक गौतमले समयको मागअनुसार गुणस्तरीय र व्यावहारिक शिक्षा प्रदानमा विद्यालय अनावरत खटीरहेको भने । रजत जयन्ती समापन समारोहमा विद्यार्थीलाई विभिन्न शैक्षिक पुरस्कार प्रदान गरिएको थियो । खेलकुद र अतिरिक्त गतिविधिमा उत्कृष्ट प्रदर्शन गरेका विद्यार्थीलाई पनि पुरस्कार प्रदान गरिएको थियो । सो अवसरमा शिक्षक शिक्षिकाहरु सम्मानित भए। विद्यालय निर्देशक शोभालक्ष्मी पौडेल गौतमको अध्यक्षतामा भएको कार्यक्रममा भद्रकाली माविका प्राचार्य राजेन्द्र भण्डारी लगायत वालेको कार्यक्रममा सह प्राचार्य दिलु गुरुङले स्वागत गरेको कार्यक्रममा संचालन शिक्षक रामप्रसाद तिमिल्सेनाले गरेका थिए।

पढाउनका लागि पढ, पढ्नका लागि पढाऊ' भन्दै २०५४ सालमा स्थापना भएको बेसलाइन एकेडेमीले रजत जयन्ती अवसरमा चित्रकला प्रतियोगिता, एकल लोक नृत्य प्रतियोगिता, नेपाली वक्तृत्वकला, सेभेन ए साइड फुटबल, स्वास्थ्य शिविर, मिनी म्याराथन, प्रभातफेरी लगायत कार्यक्रम आयोजना गरेको थियो। सो अवसरमा विद्यार्थीले प्रस्तुत गरेका प्रतिभाले उपस्थित सवैलाइ मन्त्रमुग्ध पारेका थिए।




# करुणानिधि एजुकेशन फाउन्डेसन(केफ)को २९ औ अभिभावक दिवस

पोखरापत्र संवाददाता
पोखरा, १६ माघ

पोखरा महानगरपालिका वडा नं १ सिम्पानी स्थित करुणानिधि एजुकेसन फाउन्डेसन(केफ) माविको २९ औं अभिभावक दिवस, पुरस्कार वितरण, सम्मान तथा विविधि सांस्कृतिक कार्यक्रम सोमवार सम्पन्न भयो।

गण्डकी विश्वविद्यालयका कुलपति प्रा.डा. गणेशमान गुरुङले कार्यक्रमको उद्घाटन गर्दै हरेक बालबालिकाहरुले प्रस्तुत गरेका क्रियाकलापले भविष्य उज्जल भएको चर्चा गरे। करुणानिधिको अभिभावक दिवसमा हल भरिएका दृश्यले सवै अभिभावकलाई सन्तुष्टि मिलेको मलाइ महशुस भएको कुलपति गुरुङले खुशी व्यक्त गरे । गण्डकी प्रदेशमा विज्ञान र गणित विषय अध्ययन गरेका जनशक्ति आवश्यकता भएकोले विद्यालयलाई ती दुई विषयमा जोड दिन कुलपति गुरुङले अनुरोध गरे। विद्यालयका सल्लाहकार तथा प्रदेश १ का पूर्व प्रदेश प्रमुख सोमनाथ प्यासी अधिकारीले विद्यालयमा पढाइ र सिकाइ दुवै भएकोमा खुशी व्यक्त गरे। अभिभावक, शिक्षक र विद्यार्थीविच गुणात्मक सम्बन्ध हुनाले गुणात्मक शिक्षमा ठूलो सहयोग पुग्ने भने।




विद्यालयकाप्राचार्य डिल्लीराम अधिकारीले विद्यालयको प्रगिति विवरण सुनाए। शैक्षक सत्र २०७८ मा कक्षा १२ को बोर्ड परीक्षामा व्यवस्थापनतर्फ कास्की जिल्ला सर्वोत्कृष्ट छात्र साहिल गुरङ र कक्षा १२ को वोर्ड परीक्षामा कानुन तर्फ गण्डकी प्रदेश सर्वोत्कृष्ट छात्रा द्धय आकृति पराजुली र स्वेक्षा गौतम रहेका प्राचार्य अधिकारीले जानकारी दिए । उत्कृष्ट विद्यार्थीहरुलाइ सोही दिन सम्मान गरियो । केफका शिक्षक अभिभावक संघका अध्यक्ष बसन्त बाँस्तोलाले शिक्षक, सल्लाहकार र अभिभावकहरुको सल्लाहले विद्यालय अगाडि बढिरहेको भने। सोही कार्यक्रममा विद्यालयका संस्थापक प्राचार्य एवं पूर्व निर्देशक केफ मावि एवं जनप्रिय बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख लोकराज भण्डारी, पत्रकार शोभाकान्त सिग्देल, भूपू विद्यार्थी, मिस कल्चर नेपाल २०२० प्रतियोगिता विजेता प्रतिक्षा बाँस्तोलाका बाबा बसन्त वाँस्तोला आमा सिता वाँस्तोलालाइ सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरियो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्र पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा हिसान कासकीका अध्यक्ष यमवहादुर रोक्का लगायत वोलेको कार्यक्रममा विद्यालयका सह प्राचार्य भानुभक्त पोखेलले संचालन गरेका थिए । त्यसैगरी विद्यार्थीहरुले पनि हरेक इभेन्टमा पालै पालो कार्यक्रम संचालन गरेका थिए। विद्यार्थीलाई विभिन्न शैक्षिक पुरस्कार प्रदान गरिएको थियो । खेलकुद र अतिरिक्त गतिविधिमा उत्कृष्ट प्रदर्शन गरेका विद्यार्थीलाई पनि पुरस्कार प्रदान गरिएको थियो । सो अवसरमा शिक्षक शिक्षिकाहरु सम्मानित भए।

# जलेर घाइते महिलाको निधन, पुरुष उपचाररत

पोखरापत्र संवाददाता
पोखरा, १६ माघ

जलेर सख्त घाइते हुनुभएकी पोखरा महानगरपालिका-१३ काहुँखोलाकी सङ्गीता सापकोटाको उपचारका क्रममा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा निधन भएको छ । प्रतिष्ठानका निर्देशक डा भरतबहादुर खत्रीले ३५ वर्षीया सापकोटाको गएराति नै निधन भएको जानकारी दिनुभयो । सोही घटनामा जलेर घाइते हुनुभएका कृष्णबहादुर क्षेत्रीको भने उपचार भइरहेको उहाँको भनाइ थियो ।"साधारण शैयामा राखेर उपचार भइरहेको छ, कुनै जटिलता भएमा सघन उपचार कक्ष पनि तयारी अवस्थामा राखिएको छ", निर्देशक खत्रीले भन्नुभयो । आइतबार जलेर घाइते भएको अवस्थामा दुवैलाई स्थानीयवासीले उद्धार गरी अस्पताल पुऱ्याएका थिए।

आत्मदाह गर्ने प्रयास गर्नुभएका ४५ वर्षीय क्षेत्रीलाई बचाउन खोज्दा सापकोटाले उल्टै ज्यान गुमाउनुपरेको जनाइएको छ। क्षेत्री सापकोटाकै घरमा डेरा गरी बस्दै आउनुभएको थियो । घटनाबारे थप अनुसन्धान भइरहेको कास्की जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी सुवास तिमिल्सिनाले बताउनुभयो।

# कृषि, पर्यटन र जलस्रोतको विकासले मात्र मुलुक समृद्ध हुन्छ : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
दमौली, १६ माघ

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कृषि, पर्यटन र जलस्रोतको विकासले मात्र मुलुक समृद्ध बन्ने बताउनुभएको छ।

शहीद दिवसका अवसरमा तनहुँको व्यास नगरपालिकाद्वारा सोमबार आयोजित 'अल्ट्रा म्याराथन'को शुभारम्भ गर्दै उहाँले आर्थिक समृद्धि हासिल गर्न राष्ट्रिय सहमति कायम गरेर अगाडि बढ्नुपर्छ भन्नुभयो । " राष्ट्रको उन्नति र समृद्धिका लागि राष्ट्रिय एकताको खाँचो छ", वरिष्ठ नेता पौडेलले भन्नुभयो, "राष्ट्रिय एकताको कुरा गर्दा कसैलाई मेरो भाग खोसिन लाग्यो की भन्ने लागेको छ तर त्यस्तो होइन ।" गाउँका जनतालाई गाउँमै रोजगारी र आम्दानी सिर्जना गर्नुपर्ने जनाउँदै वरिष्ठ नेता पौडेलले पर्यटन प्रवर्द्धनबाट त्यो सम्भव रहेको बताउनुभयो।

कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठ र जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले म्याराथनले दुई ऐतिहासिक गाउँ जोड्ने प्रयास गरेको बताउनुभयो। व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले खेलकुदको माध्यमबाट पर्यटन प्रबर्द्धन गर्ने उद्देश्य राखिएको बताउनुभयो । व्यास नगरपालिका-५ मानुङदेखि व्यास नगरपालिका-८ पुलिमराङसम्म ४४ किमि दूरीको म्याराथनमा ५७ धावकको सहभागिता रहेको छ।

प्रतियोगितामा प्रथम हुनेलाई नगद रु ६१ हजार, द्वितीय हुनेलाई रु ५१ हजार, तृतीय हुनेलाई रु ३८ हजार र सान्त्वना हुने तीन जनालाई जनही रु १२ हजार पाँच सय प्रदान गरिनेछ।

म्याराथनमानहुँकोटसिद्धमार्ग हुँदै अलैचे-चापाघाट-अनसन चौतारी-सफासडक-भोर्लेटार चोक-बैरेनी-दुम्सी-कलेस्ती-पाथ्रा-सत्रसय-बानियाँ डिही-बर्लाची-सोतीवेशी-बगुवारिस्ती-बाहुनपोखराहुँदैपुलिमराङमापुगेरसमाप्त हुनेछ।

## आवश्यकता

यस हस्पिटलको लागि निम्न लिखित कर्मचारी तुरुन्त आबश्यक भएकोले इच्छुक उम्मेदवारले सर्म्पक राख्नुहोला।

| क्र. सं. | पद | योग्यता | संख्या | |
|---|---|---|---|---|
| १ | रिसेप्सोनिष्ट | १२ पास | २ जना | लेखा तथा रिसेप्सन गर्न सक्ने |
| २ | बैद्य | बैद्य पास | १ जना | आयुर्बेद सक्बन्धि ज्ञान भएको। |
| ३ | फिजियोथेरापीष्ट | वि. पि. टि. (अनुभवि) | १ जना | पार्ट टाइम |
| ४ | सि एम ए, अनमि, नर्स | | २ जना | अनुभवीलाई प्राथमिकता |

-आपनो बायोडाटा हस्तलिखित निबेदन सहित विहान १० बजे बाट ५ बजे सम्मसम्म सम्पर्क गर्नु होला।
-यहि २०७९ माघ २७ गते शुक्रवारभित्र सम्पर्क राख्नुहोला।
-सेवा सुविधा कम्पनीको नियमअनुसार हुनेछ ।

सर्म्पक
आरोग्यधाम होमियोप्याथिक हस्पिटल प्रा. लि.
पोखरा -१० इन्द्रचोक
फोन: ०६१-४३३४०७, ४३३२४२

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाट्पुरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# राष्ट्रपतीय प्रणालीलाई बलियो बनाऊ

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्रपतिको निर्वाचन आगामी फागुन २५ गते हुने भएको छ। राष्ट्रपति विद्या देवी भण्डारीको पाँच वर्षको कार्यकाल आगामी फागुन २८ गते सकिदैछ । निर्वाचन आयोगले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन मिति घोषणा गर्दा एक जना आयुक्त इश्वरी प्रसाद पौडेलले असहमति जनाउँदै फरक मत राखेका छन । नेपाली कांग्रेसले माघ भित्रै राष्ट्रपतिको निर्वाचन गर्न माग गरेको थियो । काङ्ग्रेसको माग र आयुक्त पौडेलको फरक मत एउटै आशयको छाराष्ट्रपतिको उमेदवार उठाउने निर्णय गरेको काङ्ग्रेसले सत्ता गठबन्धन भत्काउन नेकपा माओवादी केन्द्रलाई उक्साउन खोजेको छ । राष्टपतिमा सत्ता गठबन्धनका मुख्य दल एमाले र माओवादी केन्द्रबीच भएको समझदारीमा दरार ल्याउन काङ्ग्रेसले चलाएको भ्रम चिर्दै आयोगले निर्वाचन गर्ने घोषणा गरेको छ।

सोमबार निर्वाचन आयोगमा पत्रकार सम्मेलन गरी आयोगले सो जानकारी गराएको हो । अब राजनीतिक दलहरूको खेल शुरु भएको छ। कम भूमिका रहने उपराष्ट्रपति पदको निर्वाचन भने चैत ३ गते गर्ने निर्णय आयोगले गरेको छ । निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले फागुन २५ गते बिहीबार राष्ट्रपतिको निर्वाचन भएपछि उपराष्ट्रपति पदको निर्वाचन प्रक्रिया सुरु हुने जानकारी दिए। राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन आयोगले सातै प्रदेशमा मतदान गर्नेगरी आवश्यक तयारी गर्ने प्रयास गरे पनि तत्काल सम्भव नदेखिएको भन्दै मतदान काठमाडौंमा नै हुने बताएको छ।

राष्ट्रपतिको निर्वाचनका लागि मतदाता नामावली प्रकाशन फागुन १० गते, दाबी, विरोध, उजुरीलगायतका काम १० र ११ गते, निवेदन तथा उजुरी उपर छानबिन गर्ने ११ र १२ गते गर्ने कार्यतालिका सार्वजनिक भएको छ। यसैगरी, अन्तिम मतदाता नामावली फागुन १२ गते प्रकाशन गर्ने र १३ गते उम्मेदवार मनोनयन दर्ता कार्यतालिका रहेको आयोगले सूचना जारी गरेर जनाएको छ । त्यस्तै, मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने १३ गते साँझ, उम्मेदवारको विरुद्धमा उजुरी दिने १४ गते, मनोनयन र उजुरीमा छानबिन गरी निर्णय गर्ने १४ र १५ गते, उम्मेदवारको नामावली प्रकाशित गर्ने १५ गते साँझ, उम्मेदवारले नाम फिर्ता लिने १६ गते, उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने १६ गते साँझ र मतदान गर्ने २५ गते रहेको आयोगले जनाएको छ।

उपराष्ट्रपतिको निर्वाचन चैत ३ गते हुने भएको छ। मतदाता नामावली प्रकाशित गर्ने कामलगायतका कामलाई राष्ट्रपतिकै कामलाई गरेकोबाट निरन्तरता दिने आयोगले जनाएको छ। । आयोगको कार्यतालिका अनुसार उपराष्ट्रपतिको निर्वाचनका लागि मनोनयन पत्र दर्ता फागुन २७ गते, मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशित गर्ने सोही दिन २७ गते नै छ। उम्मेदवारको विरोधमा उजुरी दिने सोही दिन, मनोनयन पत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने २८ गते, उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने फागुन २८ गते छ। संविधान अनुसारको निर्णयमा प्रमुख आयुक्त दिनेश थपलिया र आयुक्तहरु रामप्रसाद भण्डारी, जानकीकुमारी तुलाधर र सगुन सम्शेर जबरा छन।फागुन २५ र चैत ३ गते गर्ने बहुमतको निर्णय हो । आयुक्त ईश्वरीप्रसाद पौड्यालले भने यो निर्णय राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनसम्बन्धी ऐन २०७४ प्रतिकुल भएको भन्दै फरक मत राखेका छन् ।

ऐनमा राष्ट्रपति र उपराष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिनाअघि निर्वाचन गरिसक्नुपर्ने व्यवस्था छ । तर संविधानमा राष्ट्रपति र उपराष्ट्रपतिको कार्याकाल ५ वर्ष हुनेछ भनेर प्रष्ट तोकिएको छ। ऐन र संविधानको व्यवस्था मेल खादैन । प्रधानमन्त्री पुष्पकमल दाहल प्रचण्ड र प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाबीच ९ माघमा भएको छलफलमा अरु चुनावमा जस्तै ५ वर्षे कार्यकाल सकिनु केही दिनअघि चुनाव गर्ने समझदारी भएको थियो । त्यसअनुसार सोमबार आयोग पदाधिकारीहरुको बहुमतबाट निर्णय गरेको छ । नेपालमा राष्ट्रपति निर्वाचनको लामो इतिहास छैन। अहिलेसम्म जम्मा तीन पटक चुनाव भएको छ। पहिलो पटक ६ साउन २०६५ मा भएको निर्वाचनमा रामवरण यादव निर्वाचित भएका थिए। ३ असोज २०७२ मा राष्ट्रपति यादवबाटै नयाँ संविधान जारी भयो । ११ कात्तिक २०७२ मा भएको निर्वाचनबाट विद्यादेवी भण्डारी राष्ट्रपति निर्वाचित भइन् ।

२०७४ को आम निर्वाचनअघि नै राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन जारी भयो। संघीय संसद र प्रदेशसभा गठन भएको एक महिनाभित्र निर्वाचन गर्ने प्रष्ट व्यवस्था थियो । त्यस अनुसार २ ९ फागुन २०७४ मा निर्वाचन भयो र भण्डारी पुनः राष्ट्रपति चुनिइन् । तेस्रो राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनमा पनि दलीय स्वार्थका आधारमा विवाद निकाल्नु राम्रो होइन । आफ्नो पालामा के भएको थियो नहेरी मौसम अनुसारको राग अलाप्नु सत्ता मोह हो । अब एजेन्डाका आधारमा प्रतिस्पर्धामा गएर नै राष्ट्रपतीय प्रणालीलाई बलियो बनाउनु आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जन्मदिनको अवसरमा केशवहादुरको सहयोग सर्वेश्वर शिव मन्दिरमा

पोखरापत्र संवाददाता
पोखरा, १६ माघ



मान्छे जन्मिदा खाली हात आउँछ, मर्दा पनि खाली हात नै जान्छ भन्ने कुरा सवैलाई थाहा छ। बाँचुन्जेल मान्छेले मेरो मेरो भने झगडा गर्दछ। मनग्य सम्पत्ति पनि जोडद्छ। सम्पत्तिमा रातदिन डुवेर बस्दछ । तर समाजमा मनभरी सेवाको भकारीले भरिएको हुन्छ । जसले आफुले कमाएको केही रकम सामाजिक कार्य वा दिन दुःखीको सेवामा खर्चेमा खुशी हुन्छन् । ती हुन पोखरा वडा नं १३ निवासी ७९ वर्षीय दानविचर समाजसेवी बृद्ध केशवहादुर विक । बि.क. एवं उनको परिवारले आफ्ना पितृहरुको सम्झनामा सात लाख वरावरको लागतमा शिव मन्दिर निर्माण गरेका छन् ।

पोखरा -११, रानीबगर स्थित सर्वेश्वर मिलिजुली मानव सेवा भवनको हातामा शिव मन्दिर निर्माण गरिदिएका हुन् । माघ १३ गते आफ्नो ७९ औं जन्मदिनको अवसरमा सर्वेश्वर शिव मन्दिर संरक्षण तथा पुजा व्यवस्थापन समितिलाइ हस्तान्तरण गरेका हुन् । अरुको दुःख पिडालइ आफ्नै पिडा सम्झेर हरेकलाइ सहयोग गर्दै आएका केश बहादुरले दैनिक पुजाआजा व्यवस्थापन एवं मन्दिर संरक्षणको लागि रु. ७५ हजारको अक्षयकोष समेत स्थापना गरिदिएका सर्वेश्वर शिव मन्दिर संरक्षण समितिका अध्यक्ष कृष्ण आचार्यले जानकारी दिए।

त्यसैगरी पोखरा ११ रानीबगर निवासी अर्का मनका धनी युवाहरु हरिप्रसाद बास्तोला र रामेश्वर आचार्यले क्रमशः रु ३० हजार बराबरको गणेशको मुर्ति र रु १२ हजार बराबरको घण्टी दान गरेका सर्वेश्वर शिव मन्दिर संरक्षण तथा पुजा व्यवस्थापन समितिका सचिव लक्ष्मी केसीले वताइन् ।

# पहिलो अन्तर्राष्ट्रिय नेपाली 'रियालिटी शो' अमेरिकाबाट सुरु

रासस
काठमाडौं, १६ माघ

विश्वभर छरिएर रहेका गायन र नृत्यका नेपाली प्रतिभाको प्रतिस्पर्धा गराइने पहिलो अन्तर्राष्ट्रिय 'रियालिटी शो' मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्स अमेरिकाको ओहायोबाट सुरु भएको छ।

इन्ट्रा-नेसनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिकाको आयोजनामा हुने यी दुवै शोको संसारभरका लागि पहिलो अडिसनको फाउण्डेशनका अध्यक्ष डिल्ली अधिकारीले शनिबार राति अमेरिकाको ओहायो राज्यको कोलम्बस सहरमा उद्घाटन गर्नुभएको हो । अमेरिका र क्यानडाका विभिन्न सहरबाट कोलम्बसमा भेला भएका प्रतिस्पर्धी, उनीहरूका आफन्त र स्थानीय नेपालीभाषी समुदायको उपस्थितिमा उद्घाटन भएका दुवै शोको पहिलो अडिसन आइतबार साँझ सम्पन्न भएको हो । अमेरिका र क्यानाडाका गरी गायनमा एक सय ८७ र नृत्यमा ७६ प्रतिस्पर्धीले सहभागिताका लागि आवेदन दिएका थिए । नेपालको पहिलो अन्तर र्ष्ट्रियस्तरको यो पहिलो अडिसनमध्ये गायन विधामा सर्वाधिक अङ्क ल्याउने १५ प्रतियोगी 'साइट्लेस अडिसन'का लागि छनोट भएका छन् । उनीहरूबीच काठमाडौँमा प्रतिस्पर्धा हुनेछ। नृत्यका लागि भने अमेरिकाको पेन्सिलभेनिया राज्यको ह्यारिसवर्ग सहरमा फेब्रुअरी ५ मा अर्को अडिसन हुने तय भएको छ । सो अडिसनबाट टप १२ छनोट गरी नेपालको साइटलेस अडिसनका लागि पठाइने आयोजक संस्था फाउण्डेनका अध्यक्ष अधिकारीले जानकारी दिनुभयो ।

मेरो भ्वाइस युनिभर्समा अमेरिकाबाट छानिने १५ उत्कृष्ट प्रतियोगीमा ओहायो राज्यको सिनसिनाटी सहरका टेक दुधराज, टेक्सासबाट मोनरथ तिवारी, कोलम्बसबाट तारा तिवारी, ओहायो पटसकलाबाट सागर सुवेदी, क्लिभल्याण्डबाट मोनी दियाली, पेन्सिलभेनियाबाट जीवन गुरुङ, केन्टकीबाट मन्जु लामा, केन्टकीकै राजेश सुब्बा, न्यू ह्याम्सायरबाट मनिष हुमागाईं, केन्टकीबाट प्रनिम राई, आहायोबाट टेक ढुङ्गेल, एक्रोनबाट किस्सन भुजेल, इरी पेन्सिलभेनियाबाट नैन मगर, भर्मण्ट मोन मगर र योर्क सिटीबाट सिद्धान्त आले छानिएका छन् । अमेरिका र क्यानडाको लागि भ्वाइसमा सङ्गीतकार तथा गायक केशव पौडेल, गायिका नलिना चित्रकार र गायक अर्जुन रसाइली तथा नृत्यका लागि नायक दिलीप रायमाझी, नृत्य प्रशिक्षक शङ्कर विसी र नृत्य प्रशिक्षक नरमान राई निर्णायक मण्डलमा हुनुहुन्थ्यो । उद्घाटनका अवसरमा अध्यक्ष अधिकारीले विश्वभर छरिएर रहेका नेपालीभाषी समुदायका गायन र नृत्य क्षेत्रका उत्कृष्ट प्रतिभा पहिचान गर्नका लागि विश्वस्तरीय प्रथम अन्तर्राष्ट्रिय दुईवटा रियालिटी शोहरू 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' सुरु गर्दा आफूलाई गर्व लागेको बताउनुभयो।

नेपालभित्र र संसारको जुनसुकै कुनामा बसेका भए पनि नेपाली कला, संस्कृतिप्रति अगाध आस्था र विश्वास राख्ने हरेक नेपालीले आफू रहेकै स्थानमा विश्वभर परिचय बनाउन यी शोहरूले उपयुक्त अवसर दिने उहाँले बतउनुभयो।

अध्यक्ष अधिकारीका अनुसार, दुवै शोमा प्रथम हुनेलाई जनही रु एक करोड रकम पुरस्कार दिइने छ। उहाँले यति ठूलो धनराशि पुरस्कार भएको नेपाली रियालिटी शो यो नै पहिलो भएको पनि जानकारी दिनुभयो । छरिएर रहेका नेपाली मूलका अर्थात् नेपालीभाषीबीचको साझा सांस्कृतिक चौतारी बन्न सकोस्, नेपाली कला संस्कृतिका माध्यमबाट सबैलाई एउटै सूत्रमा जोड्न सकियोस् र नेपालीभाषी प्रतिभालाई जहाँ रहेका भए पनि आफ्नो संस्कृतिमा गर्व गर्नसक्ने अवसर प्रदान गर्न सकियोस् भनेर यी शो आयोजना गरिएको उहाँको भनाइ थियो । अमेरिकामा गैरनाफामूलक समाजसेवी संस्थाका रुपमा दर्ता भएको यो फाउन्डेशनमा अधिकारीसहित नेपालीभाषी भुटानी युवा व्यवसायी सहभागी छन् ।

नेपाली भाषा, संस्कृति, चाडपर्व र रीतिरिवाजको अधिकार खोज्दा भुटानबाट लखेटिएर आफ्नौ पितृभूमि नेपालमा शरणार्थी जीवन बिताउनुपरेकाले संसारको जुनसुकै कुनामा जुनसुकैरुपमा पुगे पनि आफ्नो भाषा, संस्कृति र पहिचानलाई पुस्तौँसम्म अघि बढाउन सो संस्था लागिपरेको अध्यक्ष अधिकारीले बताउनुभयो । कार्यक्रममा सेन्ट्रल ओहायो नेप्लिज एसोसिएसनका प्रमुख संरक्षक तथा ओहायोस्थित चिकित्सक डा दामोदर पौडेलले प्रवासमा नेपाली कला संस्कृतिको उत्थान र संसारभरका प्रतिभालाई एउटै थलोमा प्रतिस्पर्धाको मौका दिने फाउण्डेसनको कामको सराहना गर्नुभयो । सो फाउण्डेसनका प्रवक्ता केशव आचार्यका अनुसार, अमेरिका र क्यानडाबाहेक विश्वका अन्य मुलुकका लागि रजिष्ट्रेसनको अन्तिम मिति यही जनवरीको ३१ सम्म राखिएको छ भने युरोपको अडिसन बेल्जियममा फेब्रुअरी ११ र १२ मा हुनेछ । उहाँले सबै प्रतियोगी नेपाली मूलका हुनु अनिवार्य रहेको र प्रतियोगी नेपालीभाषी हुनुपर्ने पनि जानकारी दिनुभयो।

# पोखरा–बाग्लुङ राजमार्गमा यातायात बन्द गरेर काम गरिने

पोखरापत्र संवाददाता
पोखरा, १६ माघ

पोखरा–बाग्लुङ राजमार्गमा यातायात बन्द गरेर सडक स्तरोन्नतिको काम गरिने भएको छ।

पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजनाले सो सडक खण्ड फराकिलो बनाउने कार्य सुरु गरेसँगै कामलाई तीव्रता दिन राजमार्गमा यातायातका साधन बन्द गरेर काम गर्न लागिएको हो।

आयोजनाका अनुसार प्रत्येक दिन बिहान ११ देखि १५ सम्म र बेलुका २१ देखि बिहान १ बजेसम्म सवारी साधनलाई रोकेर आयोजनाको कामलाई तीव्रता दिइनेछ। रोकिएका सवारी साधनलाई आधा घण्टाको फरकमा सञ्चालनको व्यवस्था मिलाइएको छ। पोखरा–बाग्लुङ राजमार्गअन्तर्गत हाल पोखराको हरिचोकदेखि याम्दीपुलसम्मको सडक स्तरोन्नतिको काम भइरहेको हो । सो खण्डको निर्माणका लागि मोतिदान कन्स्ट्रक्सन प्रालिसँग ठेक्का सम्झौता गरिएको छ।

चौवारीबाट ५० मिटर अगाडि हेम्जातर्फ भिरको उचाइ धेरै भएकाले भिर कटान कार्य भइरहेकाले सडक सुरक्षालाई ध्यानमा राखेर यातायात सञ्चालनमा रोक लगाइएको र आधा/आधा घण्टामा रोकिएका सवारी साधन छुट्ने व्यवस्था मिलाइएको मध्यपहाडी (पुष्पलाल) राजमार्ग योजना कार्यालयका प्रमुख नारायणदत्त भण्डारीले बताउनुभयो । उहाँले भन्नुभयो, "आयोजनाको कामलाई तीव्रता दिन यातायातका साधन रोकेर काम गर्नेछौँ । सवारी साधनहरूलाई वैकल्पिक बाटो प्रयोग गर्नसमेत आग्रह गरेका छौँ।"

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीले रोकिने सवारी साधनहरूले साधन रोक्दा र चलाउँदा कडाइका साथ आफ्नो लेन अनुसाशन कायम राख्न र सवारी साधन लामबद्ध भएको अवस्थामा ओभरटेक नगर्न आग्रह गरेको छ। जौवारीतर्फबाट जाने सवारी साधनलाई सिमपानीचोक-बगर-शिक्षा कार्यालय-केआइसिँह पुल-दीप हाउजिङ हुँदै नयाँपुल र हलुका सवारी साधनलाई बिन्ध्यवासिनीचोक-सराङकोट-कास्कीकोट हुँदै नौडाँडाको बाटो प्रयोग गर्ने व्यवस्था गरिएको छ । यसैगरी हेम्जातर्फबाट आउने सवारी साधनहरू जौवारीपुल-दीप हुँदै सिमपानी र दोस्रो विकल्पमा नौँडाँडा-कास्कीकोट-सराङकोट हुँदै बिन्ध्यवासिनीचोकको सडक प्रयोग गर्न ट्राफिक प्रहरी कार्यालयले आग्रह गरेको छ।


## पोखरा महानगरपालिका वडा नं. ५ वडा कार्यालयको सूचना

पोखरा महानगरपालिका वडा नं. ०५ मा बसोबास गर्ने श्री नारायणी कुमारी लम्सालको मिति २०७९/१०/११ को निवेदन समेतका अनुसार पोखरा महानगरपालिका वडा नं. ०५ वाराही मार्गमा अवस्थित निज नारायणी कुमारी लम्सालको घर भाडामा लिई कृष्ण भुजेल नाम गरेको व्यक्तिले 7 BAR BAR SHOP (कपाल काट्ने) नामक व्यवसाय संचालन गर्दै आएकोमा विगत सात महिनादेखि भाडा नतिरेको र हाल व्यवसाय बन्द गरि सम्पर्कमा नआएकोले उक्त सटरको चावी खोली खाली गराई पाउँ भन्ने व्यहोरा माग भई आएकोले माथि उल्लेखित व्यहोराको ७ दिने सूचना प्रकाशन गरिएको छ।



**प्रदेश सरकार**
**शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**
**प्रदेश संग्रहालय**
**गण्डकी प्रदेश पोखरा, नेपाल**

## सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/१७**

यस कार्यालयको आ.व. २०७९/०८० मा तपशिल वमोजिमको निर्माण कार्यको लागि सिलवन्दी दरभाउपत्र आह्वान गर्नुपर्ने भएकाले सो सम्वन्धि निर्माण कार्यको प्रथम पटक प्रकाशित भएको मितिले २०७९/११/०३ दिनको १२ वजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट online Bidding गर्न सम्बधित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

नोट : संग्रहालय प्रत्येक मंगलबार बन्द र शनिबार खुल्ला रहनेछ।

**तपशिल**

| SN | Contract No. | Descripition Of Work | Bid Security | Cost Of Bidding Document | Estimated Amount(without VAT And Cont) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | PM/KASKI/ W/SQ/ 03/79/80 | CONSTRUCTION OF NDERGROUND WATER TANK | 35000/ | 1000/ | 1199929.05 | SQ |

# आस्था मगरलाई 'तीर्थसागर सुवेदी स्मृति पत्रकारिता पुरस्कार

पोखरापत्र संवाददाता
पोखरा, १६ माघ



एबिसी टेलिभिजनका गण्डकी ब्यूरो प्रमुख एमबी आस्थामगरलाई तीर्थसागर सुवेदी स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको छ।

राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान गण्डकीको दोस्रो प्रदेश अधिवेशनको अवसरमा संचारकर्मी तथा गायक स्वं सुवेदीको स्मृतिमा स्थापित सो पुरस्कारबाट सोमबार पुरस्कृत भएका हुन् । उनलाई कार्यक्रममा प्रमुख अतिथिसमेत रहेका संस्थाका केन्द्रीय अध्यक्ष रमेश बिजीले सम्मानपत्र, दोसल्ला तथा नगद राशी अर्पण गरे । सो अवसरमा बोल्दै केन्द्रीय अध्यक्ष बिसीले कलाकारलाई देशको गहना भएतापनि अहिलेसम्म स्तरीय सम्मान दिन नसकेको बताए। उनले लोक तथा दोहोरीगीतको विकासका लागि कलाकारसंबद्ध संस्थाले मात्रै नभएर सरकारी निकायले पनि ध्यान दिन आवश्यक रहेको धारणा राखेका थिए। प्रतिष्ठानले सोही कार्यक्रमकाबीच विभिन्न विधामा योगदान पुर्याएका व्यक्तित्व तथा अग्रज कलाकार हरुलाई सम्मान प्रदान गरिएको थियो। सो कार्यक्रममा पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकाल, प्रतिष्ठानका पूर्व केन्द्रीय अध्यक्ष पुर्षोत्तम न्यौपाने, प्रजापति पराजुली लगायतले शुभकामना व्यक्त गरेका थिए।

पुरस्कृत आस्थामगर विगत २ दशकभन्दा बढी समयदेखि पत्रकारितामा क्रियाशिल छन् भने नेपाल आदिवासी जनाजाति महासंघका गण्डकी प्रदेश इन्जार्चसमेत हुन्।

# छैटौँ व्यास अल्ट्रा म्याराथनको उपाधि भारतीय सेनाले चुमे

पोखरापत्र संवाददाता
तनहुँ, १६ माघ

शहीद दिवसको अवसरमा व्यास नगरपालिका कार्यालयले सोमबार आयोजना गरेको व्यास नगर अल्ट्रा म्याराथनको उपाधि भारतीय सेनामा कार्यरत २६ वर्षीय विशाल गुरुङले चुम्न सफल हुनुभएको छ।

व्यास-५ को मानहुँदेखि व्यास-८ को शहीदग्राम पुलिमराङसम्मको ४४ किलोमिटरको म्याराथनमा सहभागी ५७ जनालाई पछि पार्दै गुरुङ प्रथम हुनुभएको हो।

व्यास नगरपालिका-७ निवासी गुरुङले तीन घण्टा २८ मिनेट २६ सेकेण्डमा उक्त दूरी पार गर्दै प्रथम पुरस्कार हात पार्नु भएको हो । त्यसैगरी व्यास-६ का साहस पन्थ द्वितीय हुनुभएको छ। उहाँले तीन घण्टा ३६ मिनेट ३८ सेकेण्डामा दूरी पार गर्नुभएको थियो। त्यसैगरी तृतीय हुनेमा आँबुखैरेनी-१ का सनम गुरुङ हुनुभएको छ। उहाँले उक्त दूरी तीन घण्टा ३८ मिनेट ३१ सेकेण्डामा पार गर्नुभएको थियो। 'विविधतायुक्त गाउँशहर, समृद्ध मेरो व्यास नगर' भन्ने नाराका साथ पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले व्यास नगरपालिका कार्यालयले यसवर्ष छैटौँ व्यास नगर अल्ट्रा म्याराथनको आयोजना गरेको हो।

नगरपालिकाले खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पाँच वर्षदेखि सुरुआत गरेको म्याराथनलाई यसवर्ष पनि निरन्तरता दिँदै आएको व्यासनगर प्रमुख वैकुण्ठनाथ न्यौपानेले जानकारी दिनुभयो। पर्यटकीय गाउँ मानहुँ र शहीदको गाउँ पुलिमराङलाई खेलकुदको माध्यमबाट जोड्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले म्याराथन आयोजना गरिएको उहाँले बताउनुभयो । मानहुँकोटदेखि सुरु भई सिद्धमार्ग हुँदै अलैचे, चापाघाट, पृथ्वीराजमार्ग हुँदै दुर्गा मन्दिर अनसन चौतारी, सफासडक, भोर्लेटार चोक, व्यास मार्ग हुँदै बैरेनी दुम्सी खहरे, कलेस्ती बोटेटार, पाथ्रा सत्रसय, कालिका मार्ग हुँदै बर्लाछी सोतीबेसी, बगुवा रिस्ती, बाहुन पोखरा हुँदै पुलिमराड शहीद स्मारक पार्कमा पुगेर टुङ्गिएको हो ।

# तनहुँ जलविद्युत् आयोजना : प्याकेज दुईको काम ५५ प्रतिशत सम्पन्न

पोखरापत्र संवाददाता
दमौली, १६ माघ

तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्याकेज दुईअन्तर्गतको काम ५५ प्रतिशत सम्पन्न भएको छ।

हालसम्म उक्त प्याकेजमा रू छ अर्ब ३९ करोड ७० लाख ५६ हजार खर्च भएको तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले जानकारी दिनुभयो । प्याकेज २ निर्माणका लागि सिनो हाइड्रो कर्पोरेशनसँग २०७५ साल असोज १५ मा रू तीन अर्ब ८३ करोड १३ लाख ६० हजार मा खरिद सम्झौता भएपछि २०७५ माघ ६ देखि निर्माण सुरु गरेको थियो । आयोजनाका अनुसार ८९ मिटर लम्बाइ, २२ मिटर चौडाइ र ५१ मिटर उचाइ भएको भूमिगत विद्युत्गृह खन्ने काम असार १० मा सम्पन्न भएको छ। "मङ्सिर मसान्तसम्म यस कार्यअन्तर्गतका सम्पूर्ण विद्युत्गृह खन्ने काम सम्पन्न भई कङ्क्रिटको काम पनि सम्पन्न भइसकेका छन्", श्रेष्ठले भन्नुभयो । आयोजनाको एक हजार चार सय ५६ दशमलव नौ मिटर लामो मुख्य सुरुङ २०७८ साल कात्तिकदेखि खन्न सुरु गरेकोमा मङ्सिर मसान्तसम्म छ सय ८० मिटर काम सकिएको छ। दुई सय १० दशमलव नौ मिटर टेलरेस सुरुङ २०७७ फागुन २९देखि काम सुरु गरेको थियो।

हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिल कार्यअन्तर्गत पेनस्टक जडानको काम पनि सकिएको छ । प्याकेज १ अन्तर्गत हेडवर्क्स निर्माणका लागि सोङ दा कर्पोरेसन, भियतनाथ कालिका कन्स्ट्रक्सन प्रालि, नेपाल जेभीसँग विसं २०७७ चैत ९ मा रू २१ अर्ब ६६ करोड ४० लाख ४१ हजार आठ सय ७८ मा खरिद सम्झौता भएको थियो। यसअन्तर्गत मुख्य बाँध निर्माणका लागि नदी फर्काउन डाइभर्सन सुरुङ १ र २ को काम जारी रहेको आयोजनाले जनाएको छ । "डाइभर्सन सुरुङ १ अन्तर्गत इनलेट र आउलेट दुवैतर्फबाट खन्ने काम भइरहेको छ भने मङ्सिर मसान्तसम्म तीन सय ४१ मिटर खनिसकिएको छ", श्रेष्ठले भन्नुभयो। सुरुङ २ को इनलेट र आउटलेटको हालसम्म तीन सय ६० मिटर निर्माण सकिएको छ भने बाँधको माथिल्लो भागको स्लोप अन्तर्गत चार सय ८० मिटर निर्माण सकिएको जनाइएको छ। बाँधको दायाँ तर्फको माथिल्लो भागको स्लोपअन्तर्गत चार सय ७० मिटरकाम सकिएको आयोजनाले जनाएको छ। प्याकेज एक २०८३ साल जेठ १७सम्म सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

यसअन्तर्गत हालसम्म रू दुई अर्ब २३ करोड ६८ लाख ४३ हजार खर्च भइसकेको छ। आयोजनाका अनुसार भौतिक प्रगति १२ दशमलव ६८ र वित्तीय प्रगति ११ दशमलव ६७ प्रतिशत छ। प्याकेज २ अन्तर्गत प्रसारण लाइन निर्माणका लागि ४८ वटा टावरको जग निर्माण सकिएको आयोजनाले जनाएको छ । ३४ दशमलव सात किमी प्रसारण लाइनमा ९४ वटा टावर राखिनेछ। सन् २०२२ मेसम्म निर्माण सम्पन्न गर्नेगरी सम्झौता भएपनि कोभिडमहामारी तथा वन क्षेत्रको रुख कटानमा मन्त्रालयबाट ढिलागरी स्वीकृत प्राप्त भएकाले सम्झौताको म्याद सन् २०२४ डिसेम्बर १९ सम्म थपिएको छ । प्याकेज २ अन्तर्गत हालसम्म भौतिक प्रगति ५५ दशमलव शुन्य छ र वित्तीय प्रगति ५३ दशमव शुन्य चार प्रतिशत रहेको आयोजनाले जनाएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म:
वि.स. २००८/०२/२० गते

स्व: खिमकला कुँवर

स्वर्गारोहण:
वि.स. २०७९/१०/०५ गते

यस कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.का सचिव ईन्द्र बहादुर कुँवरकी ममतामयी माता तथा शेयर सदस्य प्रभा कुँवरकी सासुआमा **खिमकला कुँवर** को ७१ वर्षको उमेरमा भएको असामयिक निधनले यस सहकारी संस्था परिवार अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। दुःखको यस घडीमा उहाँको आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरबाट प्राप्त होस् भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**माधब प्रसाद आचार्य**
**अध्यक्ष तथा**
**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था परिवार**
**पोखरा-१३**



## कर्जा तिर्न आउने बारेको ऋणीहरूलाई ३५ दिने सूचना !

**(प्रथम पटक प्रकाशित मिति २०७९/१०/१७)**

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अर्न्तगत लिएको कर्जा तथा सोको साँवा, ब्याज र हर्जना समेत यस संस्थासँग गरेको शर्त कबुलियत बमोजिम समय-समयमा बुझाउनु पर्नेमा सो नबुझाएको हुँदा कर्जा भुक्तानी सम्बन्धमा पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत बेवास्ता गरी यस संस्थालाई बुझाउनु पर्ने कर्जा नबुझाई कर्जा तथा सहकारी सुविधा सम्बन्धी शर्त बन्देज उल्लघङ्न गरेकोले कर्जा चुक्ता गर्नका लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा यस सहकारी संस्थामा सम्पर्क राखी आफूले बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज र हर्जना भुक्तानी गर्नुहोला। अन्यथा सहकारी ऐन, नियमावली, मापदण्ड संस्थाको विनियम, ऋण नीति तथा प्रचलित कानून बमाजिम यस संस्थासँग भए गरेको लिखत अनुसार संस्थाले लेना रकम धितोमा रहेको चलअचल सम्पत्तिको लिलाम बिक्री समेत गरी असुल उपर गरिनेछ।

१. कर्जाको शिर्षक : ब्यापार कर्जा
ऋणीको नाम : टुल्की वि.क.
पति : धनबहादुर वि.क.
ससुरा : रबे वि.क.
ठेगाना : भीरकोट न.पा.-७
ना.प्र.नं. : ५३६३/स्याङ्जा
धितो राखिएको सम्पत्तिको विवरण :



जमानीकर्ताको नाम र ठेगाना :
नाम : अर्जुन वि.क.
पिता : धनबहादुर वि.क.
बाजे : रबे वि.क.
ठेगाना : भीरकोट न.पा.-७
ना.प्र.नं.: ५८०८१/स्याङ्जा
धितो सुरक्षण धनीको नाम : टुल्की वि.क.



| सि नं. | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | स्याङ्जा | खिलुङ् देउराली | ०९ | ३७२ | ०.२.२.३ | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापता समेत। |

२. कर्जाको शिर्षक : ब्यापार कर्जा
ऋणीको नाम : मुना खड्का रोका
पति : भोजबहादुर रोका
ससुरा : डम्मर बहादुर रोका
ठेगाना : अर्जुनचौपारी गा.पा.-६
ना.प्र.नं. : ४२१०४८/२४/स्याङ्जा
धितो राखिएको सम्पत्तिको विवरण :



जमानीकर्ताको नाम र ठेगाना :
नाम : चन्द्रकान्त काफ्ले
पिता : बालकृष्ण काफ्ले
बाजे : देउनारायण काफ्ले
ठेगाना : अर्जुनचौपारी गा.पा.-३
ना.प्र.नं.: ११०११/स्याङ्जा
धितो सुरक्षण धनीको नाम : मुना खड्का रोका

| सि नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | स्याङ्जा | सतौ दरौ<br>सतौ दरौ<br>सतौ दरौ<br>सतौ दरौ<br>सतौ दरौ | ०५<br>०५<br>०५<br>०५<br>०५ | ४५१<br>२७६<br>४८१<br>४३४<br>३८० | ३.५.३.०<br>१०.१४.२.१<br>०.१३.०.३<br>०.१२.०.३<br>१.८.०.१ | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापता समेत। |

३. कर्जाको शिर्षक : ब्यापार कर्जा
ऋणीको नाम : आइबहादुर दर्जी
पिता : जंगबहादुर दर्जी
बाजे : लालबहादुर दर्जी
ठेगाना : अर्जुनचौपारी गा.पा-१
ना.प्र.नं. : २९८८/स्याङ्जा
धितो राखिएको सम्पत्तिको विवरण :



जमानीकर्ताको नाम र ठेगाना :
नाम : ईश्वर परियार
पिता : आइबहादुर दर्जी
बाजे : जंगबहादुर दर्जी
ठेगाना : अर्जुनचौपारी गा.पा.-१
ना.प्र.नं.: ४२०३७६/०४४१०/स्याङ्जा
धितो सुरक्षण धनीको नाम : आईबहादुर दर्जी

| स नं. | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | स्याङ्जा | अर्जुनचौपारी | ०५ | ३४३२ | ०.७.०.० | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापता समेत। |

४. कर्जाको शिर्षक : ब्यापार कर्जा
ऋणीको नाम : बिन्द्रा दर्जी
पति : आइबहादुर दर्जी
ससुरा : जंगबहादुर दर्जी
ठेगाना : अर्जुनचौपारी गा.पा.-१
ना.प्र.नं. :४२१५३/स्याङ्जा
धितो राखिएको सम्पत्तिको विवरण :



जमानीकर्ताको नाम र ठेगाना :
नाम : आइबहादुर दर्जी
पिता : जंगबहादुर दर्जी
बाजे : लालबहादुर दर्जी
ठेगाना : अर्जुनचौपारी गा.पा.-१
ना.प्र.नं.: २९८८/स्याङ्जा
धितो सुरक्षण धनीको नाम : बिन्द्रा दर्जी

| स नं. | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | स्याङ्जा | अर्जुनचौपारी<br>अर्जुनचौपारी | ०५<br>०५ | ३३१९<br>३३१७ | ०.१.१.३<br>०.२.२.३ | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापता समेत। |

**श्री कालिका बचत तथा ऋण सकारी संस्था लि.**
**भीरकोट नगरपालिका-१, स्याङ्जा**
**सम्पर्क नं. ९८५६०५८१७०, ९८५६०५८१९७**